# आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम

**थाक्रे गाँउपालिका**

**धादिङ जिल्ला**

**प्रदेश नं. ३,नेपाल**

**२०७६**

**आदरणीय सभा अध्यक्ष महोदय,**

नेपालको संविधानले परिकल्पना गरेको संघीय प्रणालीलाई मूर्त रुप दिन तीन तहको निर्वाचन मार्फत २०७४ देखि संघ, प्रदेश र स्थानीय तहको सरकार गठन भई कार्य प्रारम्भ गरेको यस सभालाई सर्वविदितै छ ।

यस गरिमामय पाँचौ सभा समक्ष आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुस गरेको छु । आगामी आ. व. को लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा मुलुकलाई यस अवस्था सम्म ल्याई पुऱ्याउन विभिन्न राजनैतिक आन्दोलनहरुको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति श्रद्धापुर्वक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाईते, अपाङ्गहरु प्रति हार्दिक सम्मान प्रकट गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

गाउँको विकासमा नागरिकहरुको प्रत्यक्ष सहभागिता होस्, नागरिकहरुकै घर दैलोमा सरकारको अनुभूति होस् भन्ने उद्धेश्यले संघीय प्रणाली लागू गरिए संगै त्यसको परिणाम स्वरुप यस गाउँपालिको गठन भै विगतका वर्ष देखिनै कार्य प्रारम्भ भएको छ । कर्मचारीहरुको अभाव, भौतिक पूर्वाधारको अभाव, प्राविधिक क्षमताको कमि, कानूनहरुको अभाव, संस्थागत क्षमता विकासमा कमिका वावजुत पनि यस गाउँपालिकाले सबै वडाहरुको सन्तुलित विकासलाई ध्यान दिई कार्यक्रमहरु संचालन गरेको यस सभालाई अवगत नै छ । जनतामा आएको तिव्र विकासको चाहना र जनसहभागिता, जनप्रतिनिधिहरुको सवल प्रतिवद्धता जस्ता कारणले जनतामा विकास र समृद्धिप्रतिको उत्साह बढेको छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

नेपाली जनताले पटक पटक गरेको त्याग र बलिदान, सशस्त्र संघर्ष, ऐतिहासिक जन आन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभावाट पारित नेपालको संविधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४ को अधिकार प्रयोग गरी यस गाउँ सभामा स्थानीय सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी एवं गौरवान्वित भएको महसुस गरेको छु ।

हाम्रा विकासका भावना सोचलाई मूर्त रुप दिन विश्वव्यापि रुपमा स्वीकार गरिएका दिगो विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ उन्मुख हुदै आगामी आ.व. को लागि जन अपेक्षा सम्बोधन हुने गरी शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, सडक, सिंचाई, समावेशी विकास,

लैंगिक सशक्तिकरण, मानवीय विकास, सुशासन, पूर्वाधार तथा संस्थागत क्षमता विकास गर्न उपर्युक्त नीति तथा कार्यक्रमहरु संचालन गर्न उपयुक्त ठानेको छु ।

थाक्रे गाउँपालिकाको समग्र विकासका लागि देहाय बमोजिमका सोंच लक्ष एंव उद्देश्य निर्धारण गरेको छु :

**आदरणीय सभा अध्यक्ष महोदय,**

**दिर्घकालिन सोच** : "**सम्वृद्ध थाक्रे गाउँपालिका निर्माणको आधार कृषि, उद्योग, पर्यटन व्यापार र पूर्वाधार**"

**लक्ष्य :** थाक्रे गाउँपालिका रहेको प्राकृतिक श्रोत साधनजन्य उद्योगहरुलाई वातावरण मैत्री एंव दिगो विकास एंव प्रचलित मापदण्ड अनुसार संचालन हुने गरी संरक्षण र प्रवर्द्धन गर्ने, कृषि पेशा व्यवसायहरुलाई व्यवसायिक र आधुनिकिकरण गर्दै साना घरेलु उद्योग व्यवसायलाई सवलिकरण गर्ने तथा ग्रामिण एंव राजमार्ग केन्द्रीत पर्यटन व्यवसायको प्रवर्द्धन गर्दै राजधानी एंव राजधानी वासीका आवश्यकता परिपुर्ति गर्ने उत्पादन क्षेत्रको विकास गरी आर्थिक केन्द्रको रुपमा विकास गरिने छ । यसका लागि समावेशी विकासको आधारमा जोड दिने, रोजगारी श्रृजना एवं आर्थिक वृद्धि गर्ने, आन्तरिक श्रोतको अभिवृद्धि गर्दै आत्म निर्भरता वृद्धि गर्ने भौतिक तथा आर्थिक पूर्वाधारको विकास एवं रोजगारी श्रृजना गर्दै गरिबी निवारणमा जोड दिईने छ ।

**उद्देश्य : "सम्बृद्ध थाक्रे र सुखी थाक्रेबासी"** को चाहनालाई परिपुर्ति गरी आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय र सुशासनको क्षेत्रमा सवल, सशक्त र सम्बृद्ध गाउँपालिका निर्माण गर्ने उद्देश्य लिईएको छ । त्यसै सिलसिलामा म देहाय अनुसार नीति तथा कार्यक्रम प्रस्तुत गर्न सम्मानित गाउँ सभा समक्ष अनुमति चाहन्छु :

**आदरणीय सभा अध्यक्ष महोदय,**

## क) आर्थिक क्षेत्र (आर्थिक प्रशासन तथा राजस्व परिचालन सम्बन्धी नीतिहरु)

१) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, आधारमा थाक्रे गाँउपालिकाको आर्थिक ऐन साथै प्रचलित ऐन कानुन तथा नेपाल सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।

२) यस गाउँपालिकाक्षेत्र भित्र बसोबास गर्ने थाक्रे बासीहरुको क्षमता, स्थानीय श्रोत र अन्य गाँउपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरिनेछ ।

३) कृषिमा आधुनिकीकरण व्यवसायीकरण तथा यन्त्रीकरण गर्दै  उत्पादकत्व बृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

४) कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित एवम् आकर्षक पेशाको रुपमा विकास गरिनेछ । तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभको सम्भावना र भौगोलिक एवम् पर्यावरणीय स्थिति अनुसार विभिन्न भागहरुलाई खाद्यवस्तु, तरकारी तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विस्तार गर्दै कृषि ब्लक र कृषि लैजान संघ प्रदेश सरकार समक्ष प्रस्ताव गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रोत्साहन गर्ने निति लिईने छ । भाडामा लिई सामुहिक खेति गरेका समूह र फर्मको कुल भाडा रकमको हुन आउने १० प्रतिशत रकम समूह फर्मलाई अनुदान दिइनेछ ।

५) कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामुहिक र सहकारी कृषि प्रणालीको विकास गरिनेछ । मल, बीउ, सिंचाई, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । बाली तथा पशुपंक्षी बीमामा किसानको सर्बसुलभ पहुँच पुग्ने व्यवस्था गरिने छ । यसका लागि निजी क्षेत्रसँगै सहकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ । कृषि सहकारीको प्रवर्द्धन गरी साना किसानहरुको आर्थिक सामाजिक सशक्तीकरण गरिनेछ । यस गाउँपालिका क्षेत्रको उपयुक्त स्थानमा ग्रिन हाउस निर्माण गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ । निःशुल्क तरकारी तथा फलफुलका बिरुवा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

६) कृषि क्षेत्रको विकासका लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराइनेछ । साथै कृषि सम्बन्धी सूचनाहरु स्थानीय पत्रपत्रिका, रेडियो, मोवाइल तथा सामाजिक सञ्जाल मार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

७) कृषि तर्फ मुख्य खाद्यवस्तुहरुको उत्पादनमा वृद्धि गरी खाद्यन्नमा आत्मनिर्भर बनाई खाद्य सुरक्षा हासिल गराउने नीति अवलम्बन गरिनेछ ।गाउँपालिका क्षेत्र भित्रका कृषक समूह र सहकारी मार्फत उन्नत जातको बिउ विजन निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८) यस गाँउपालिकाबाट सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।

९) राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ ।

१०) **"राजस्व संकलन- भार होइन, समृद्धिको आधार हो"** भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान निरन्तर सञ्चालन गरिनेछ ।

११) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिनेछ ।

१२) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत साधनको सन्तुलित वितरणको खाका तयार गर्ने नीति लिइनेछ ।

१३) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरु तय गर्ने नीति अवलम्बन गरिनेछ ।

१४) अर्थतन्त्रका तीन स्तम्भहरु सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिका मार्फत गाँउपालिकाको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरु केन्द्रित गरिनेछ ।

१५) उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिनेछ ।

१६) पशुपालन, माछा एवं मौरी पालन, अङ्गुर खेती, चिया कफि खेतीलाई विशेष प्रोत्साहन गर्न समूह मार्फत साझेदारीमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

१७) राजमार्ग केन्द्रित होटल, रेष्टुरेन्ट, भोजनालयको खाद्य स्वच्छता कायम गरी व्यवसायलाई मर्यादित एवं यात्री/पर्यटक मैत्री बनाउने नीति अबलम्वन गरिने छ ।

१८) थाक्रे गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, इट्टाभट्टा, ग्यास उद्योग लगायत ठुला उद्योगलाई सामाजिक सेवा एवं वातावरण मैत्री बनाउदै हाल संचालित वा सम्भावना भएका उद्योग कलकारखाना एवं खानिलाई प्रचलित मापदण्ड भित्र संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

१९) गाउँपालिकाको कार्यक्षेत्र भित्र रहेका सबै सहकारी संस्थाहरुको नियमन, प्रवर्द्धन र प्रशिक्षण गरि सहकारी क्षेत्रको संस्थागत क्षमता विकास गर्ने निति अबलम्वन गरिने छ ।

२०) कृषि क्षेत्रको प्रगति र उन्नति : थाक्रेको विकास र सम्बृद्धि नामक कार्यक्रम संचालन गरिनेछ ।

२१) गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट कृषक छनौट गरि सम्मान गरिनेछ । कृषि प्रदर्शनी मेला आयोजना गरिनेछ साथै कृषक समुहलाइ प्रविधीको अध्ययनको लागि अध्ययन भ्रमणको व्यवस्था गरिने छ ।

२२) एक मुख तीन रुख कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२३) भरपर्दो समावेशी र दिगो आर्थिक बृद्धि तथा सबैका लागि पुर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
२४) कृषि तथा पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक प्राविधिकको व्यवस्था गरिने छ ।
२५) फलफुल तथा तरकारी मुल्य श्रृखला आयोजना मार्फत तरकारी तथा फलफुलको उत्पादन बृद्धि गर्दै बजारीकरणलाई सहकारी मार्फत साझेदारीमा कार्यक्रम संचालन गरिने छ । त्यसको लागि तरकारी तथा फलफुल बजार विकास समिति गठन गरिने छ ।
२६) जैविक विविधताको संरक्षण गर्न र हाल भई रहेको खानेपानीका श्रोतहरु सुक्दै गएकोले प्रत्येक वडामा कम्तिमा एक वटा परम्परागत पोखरीहरु निर्माण गरिनेछ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

## ख) सामाजिक क्षेत्र (सामाजिक विकास नीति तथा कार्यक्रम)

### अ) अध्ययन, अनुसन्धान, स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीतिहरु

१) यस थाक्रे गाउँपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको र व्यस्त सार्वजनिक ठाउँहरुमा सार्वजनिक शौचालय बनाउन पहल गरिनेछ थाक्रे गाँउपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्न खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरी सकिएकोमा सरकारी तथा गैरसरकारी विकास साझेदारहरुसँगको सहकार्यमा आगामी ३ वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने निति लिइने छ ।
२) थाक्रे गउँपालिका क्षेत्र भित्रका फोहर व्यवस्थापन गर्नका लागि स्थायी ल्याण्डफिल्ड साइट खोजी गरी प्रयोगमा ल्याउन प्रदेश सरकार समक्ष पहल गरिनेछ । घरवाट निस्कने फोहोर व्यवस्थापनको लागि कम्पोष्ट बिन लागत साझेदारीमा वितरण गरिनेछ । पुन प्रयोगमा आउने फोहोरलाई फोहोरबाट मोहोर कार्यक्रम संचालन गरिने छ ।
३) वातावरण मैत्री स्थानीय शासनको प्रारुपमा उल्लेखित सूचकहरु कार्यान्वयनको लागि स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थासँग समेत सहकार्य गर्नुका साथै वडा समितिलाई परिचालन गरी सामाजिक परिचालक मार्फत कार्यान्वयनमा ल्याइनेछ ।

४) समुदायमा रहेको साधन, स्रोतको संगठितरुपमा परिचालन गरी सामाजिक रुपान्तरण र समन्यायिक आर्थिक वृद्धिमार्फत समुदायको सशक्तिकरण गर्न सहकारी अभियानलाई अघि बढाइनेछ ।

५) स्वस्थ थाक्रे र निरोगी थाक्रेवासीको परिकल्पना पूरा गर्न प्राकृतिक चिकित्सा र योग अभ्यास लाई प्राथमिकता दिइनेछ ।

६) गाउँपालिका क्षेत्रमा बढ्दै गएको आत्महत्या र मनोबैज्ञानिक समस्या न्यूनिकरण गर्न गाउँपालिका मार्फत ६ महिने मनोविमर्श तालिम संचालन गरी दक्ष जनशक्तिको विकास गरिएको छ । तालिम प्राप्त मनोविमर्शकर्ताहरुको परिचालनमा विशेष जोड दिइ प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।

७) स्वास्थ्य बिमा कार्यक्रम, जटिल रोग सम्बन्धी घुम्ती शिविर सञ्चालन, ब्लड डोनेसन र स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ । जटिल प्रकृतिका रोगहरु लागेका दिर्घरोगी तथा विरामीहरुका लागि गाउँपालिका मार्फत उपलब्ध गराउदै आएको सेवा सुविधालाई निरन्तरता दिईनेछ ।

८) घरमा सुत्केरी हुने अवस्थालाई पूर्ण रुपमा अन्त्य गर्न सहयोग पुर्‍याउने उद्धेश्यले सुत्केरी व्यथा लागेका महिलाहरुलाई स्वास्थ्य चौकी सम्म लैजान र सुत्केरी भैसकेपछि घर फर्कन सहज बनाउन निशुल्क एम्वुलेन्स सेवा गाउँपालिका मार्फत सहयोग गर्ने व्यवस्था मिलाईने छ ।

९) स्वास्थ्य चौकीमा सुत्केरी भई वडा कार्यालयमा जन्म दर्ता गर्न आउदा पोषणयुक्त खाना सहयोग कार्यक्रम अन्तर्गत प्रोत्साहन स्वरुप नगद रकम दिने व्यवस्था मिलाइनेछ ।

१०) गाउँपालिकाको केन्द्रमा रहेको महादेवेशी स्वास्थ्य चौकीको स्तर उन्नति गर्दै २४ सै घण्टा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । गाउँपालिका भित्रका सबै वडामा स्वास्थ्य चौकी निर्माण गर्ने संघीय सरकारको नीति र कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा विस्तार गरिनेछ ।

११) भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गरिनेछ ।

१२) सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गरिनेछ । स्वस्थ्य किशोर सुरक्षित किशोरी अभियान संचालन गरिने छ ।

१३) विगतमा महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई दिदै आएको भत्तालाई निरन्तरता दिइने छ । विद्यालयका किशोरीहरुलाई सेनेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिईने छ ।

## आ. समुदाय विकास नीतिहरु

१) गाँउपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक, क्षमता अभिवृद्धि कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२) समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अख्तियार गरिनेछ । यसका लागि मेलमिलाप केन्द्रलाई क्रियाशील बनाउने तथा मेलमिलाप कर्ता उत्पादन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३) ग्रामिण गरिवी न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४) लागू औषध दुर्व्यसनी न्यूनीकरण गर्न सम्बन्धित संघसंस्थाहरुको सहकार्यमा कार्य गरिनेछ ।

५) सेरापाखा वनलाई पर्या-पर्यटनको रुपमा विकास गर्न नेपालको सबैभन्दा ठूलो सरस्वती मन्दिर निर्माण तथा पिकनिक स्पर्टको रुपमा विकसित गरिनेछ ।

६) यूवा तथा खेलकुद क्षेत्रको समग्र विकासको लागि अध्यक्ष सँग खेलकुद कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक वडामा निर्माण भएका खेल मैदानलाई स्तरोन्नति गर्ने र युवाहरुको चाहना र आवश्यकता कवर्डहल निर्माण र खेलकुद सामाग्री वितरण गरिनेछ ।

७) राजमार्ग क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रणको लागि C.C.T.V जडान गरिनेछ ।

८) घरेलु मादक पदार्थ उत्पादनलाई निरुत्साहित गरि वैकलिपक आय आर्जन पेशामा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९) सुरक्षित आप्रवासन परामर्श सुचनाकेन्द्रलाई निरन्तरता दिइने छ ।

१०) गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा सुरक्षित आवास गृहको सेवा विस्तार तथा भवन निर्माण गरिने छ ।

## ई. समावेशी विकास नीतिहरु

१) थाक्रे गाउँपालिका भित्र रहेका अति विपन्न परिवारलाई स्वरोजगार एवं आयआर्जनको कार्यक्रम मार्फत गरिबी निवारण नीति लिइने छ । यसका लागि गरिबका साथमा अध्यक्ष नामक कार्यक्रमलाई निरन्तरता दिईने छ यस मार्फत आगामी आ.व. मा कम्तिमा १६० विपन्न घर परिवारलाई उक्त कार्यक्रममा सहभागि गराइने छ ।

२) यस थाक्रे गाँउपालिका क्षेत्र भित्र रहेका महिला, अपाङ्ग, जेष्ठ नागरिक, युवा, किशोरी, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी लक्षित समुदायको सशक्तिकरणमा टेवा पुऱ्याइने छ ।

३) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघसंस्था र गााउँपालिकाको साझेदारीमा सशक्तिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४) विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाइनेछ ।

५) बालमैत्री गाँउ बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार आगामी ३ वर्ष भित्र बालमैत्री कार्यक्रम सञ्चालन गरी बालश्रम रहित गाँउपालिका घोषणा गरिनेछ ।

६) थाक्रे गाँउपालिकामा धेरै पहिले देखि मुस्लिम समुदायको उपस्थिति रहेकोमा उक्त समुदायको सम्बर्द्धन तथा मातृभाषा शिक्षालाई प्रवर्द्धन गर्ने र मुस्लिम समुदायको पर्व ईद, बकर ईदमा गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा परीक्षा सञ्चालन नहुने गरि शैक्षिक पात्रोमा व्यवस्था गर्ने नीति लिइनेछ ।

७) गाउँ गाउँमा सिंहदरबार घर घरमा स्थानिय सरकार पुऱ्याउन एक घर एक सदस्य रहने गरी गाउँपालिका क्षेत्र भरी महिला समुह गठन गरीसकिएकोमा महिलाको क्षमता विकास शसक्तिकरण तथा संस्थागत विकास गर्ने नितिलाई निरन्तरता दिइने छ । विगतमा विधिवत रुपमा दर्ता भै संचालन भएका संघ संस्था सहकारी समुहहरु सँग मैत्रिपुर्ण सम्बन्ध कायम गरि सहकार्य गरिनेछ ।

८) वडा स्तरमा संचालन हुने योजनाहरुमा महिलाको नेतृत्व वृद्धि गर्ने निति अबलम्बन गरिनेछ । सम्भव भए सम्म वडा स्तरका उपभोक्ता समिति मार्फत संचालन हुने कम्तिमा एक तिहाई योजनाहरु महिलाको नेतृत्वमा संचालन गर्ने र समग्र योजनाहरुमा ५० प्रतिशत महिला रहने नीति अबलम्बन गरिने छ ।

९) गाउँपालिका क्षेत्रभित्र रहेका फरक क्षमता भएका, आदिवासी जनजाती, अल्पसङख्यक, महिला, मजदुर तथा सामाजिक र आर्थिक रुपमा पछि परेका वर्ग समुदायको उत्थानका लागि सामाजिक नक्सांकन सहित विशेष सहयोगका कार्यक्रम संचालन गरिनेछ ।

१०) गाउँपालिका भित्र वसोवास गर्ने जात जाती, भाषा, संस्कति तथा परम्पराको उत्थानका लागि विशेष कार्यक्रम संचालन गर्न समन्वय र सहकार्य गरिनेछ ।

११) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१२) यस गाउँपालिकालाई बालहिंसा, लैङ्गिक हिंसा, जातिय छुवाछुत मुक्त गाउँपालिका बनाउने अभियानका विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ र आगामी एक वर्ष भित्र थाक्रे गाउँपालिकालाई बालबिबाह मुक्त गाउँपालिका घोषणा गरिने छ ।

१३) परम्परागत रुपमा लक्षित समुदायबाट संचालित पेशा व्यवसायहरुको प्रवर्द्धन विकास सगै यसको व्यवसायीकरण (सुन चादी व्यवसाय, सामुदयिक आरन, पन्चेवाजा, सिलाईकटाई आदी) को लागि अत्यावश्यक मेसिन औजारहरुमा लागत साझेदारी कार्यक्रम संचालन गरिने छ ।

१४) २०७६ साल लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा मनाउदै जेष्ठ १६ गते राष्ट्रिय महिला दिवस मनाइने छ ।

१५) लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, बालिकाहरुको सशक्तिकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ । **यसका लागि स्वस्थ किशोर, सुरक्षित किसोरी कार्यक्रम संचालनमा जोड दिईने छ ।**

१६) महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत प्रत्येक वर्ष नोभेम्बर २५ को दिन अन्तराष्ट्रिय महिला हिंसा अन्त्य दिवस मनाउने र एकल महिलालाई रातो लगाउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

## ग) पूर्वाधार क्षेत्र (सहरी पूर्वाधार तथा भौतिक संरचना बिकास सम्बन्धी नीतिहरु)

१) आगामी आर्थिक वर्ष यो गाँउपालिकाको दिगो पूर्वाधार विकास तर्फको प्रस्थान विन्दु हुनेछ आगामी आ.व. भित्र गाउँपालिका भवन निर्माण सम्पन्न गर्नुका साथै गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुमा कालोपत्रे गर्न शुरुवात गरी अन्य सडकहरुलाई स्तर उन्नती गर्ने कार्यलाई तिव्रता दिईने छ ।

२) यस वर्ष छनौट गरिएका आयोजनाहरुलाई P1, P2 र P3 मा वर्गीकरण गरी P1 मा परेका आयोजनाहरुलाई पहिलो चौमासिकमा, P2 मा परेका आयोजनाहरुलाई दोस्रो चौमासिकमा र P3 मा परेका आयोजनाहरुलाई तेस्रो चौमासिकमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

३) गाँउपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापन पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति

अवलम्बन गरिनेछ । सडकका छेउहरुमा पहिरो रोकथामका लागि बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

४) जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमैत्री आयोजना बनाउने तर्फ सम्बन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति लिइनेछ । सम्पन्न भएका आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताहरुलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ ।

५) भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

६) योजना सम्पन्न भएपछि भुक्तानीका लागि पेश हुन आएका योजना कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुको सहभागितामा सार्वजनिक परीक्षण पश्चात मात्र भुक्तानी गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

७) पूर्वाधार विकास गरिएका योजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्यलाई अगाडि बढाइनेछ । सो शुल्कबाट दिगो मर्मत सम्भारको लागि मर्मत सम्भारकर्ता नियुक्ति गरिनेछ ।

८) व्यवस्थित तथा योजनाबद्ध सहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

९) भू-उपयोग नीति अवलम्बन गरिनेछ ।

१०) सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षणको नीति अवलम्बन गरिनेछ ।

११) नेपाल विद्यतु प्राधीकरणसँगको सहकार्यमा विद्युत वितरण लाइन विस्तार गर्दा स्थानीय जनतामा कुनै असर नपर्ने गरी विद्युत प्रसारण गर्ने नीति अवलम्बन गरिनेछ साथै जोखिम पूर्ण काठका पोलहरुलाई ३ वर्ष भित्र पूर्ण रुपमा विस्थापन गरी स्टिल पोल राखिने छ ।

१२) गाउँपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरुको व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ ।

१३) सडक तथा टोल बस्तीमा प्रतिक्षालय निर्माण गर्ने नीति लिइनेछ ।

१४) थाक्रे गाउँपालिकाका पर्यटन सम्बन्धी सम्भावना बोकेका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइने छ । यस अन्तर्गत वडा नं. ५ को पोखरी चौर, र वडा नं. ८ को गणेश चौर र वडा नं ७ को थामभञ्ज्याङ, वडा नं. ३ को भुमिचुलि र महाभारत झण्डाचुली, वडा नं. ६ को रानीझरना, वडा नं ४ र ५ को माथिल्लो तसर्पु र तल्लो तसर्पु क्षेत्रलाई सम्भाव्यताको आधारमा पर्यटकीय, शैक्षिक, खेलकुद र अन्य क्षेत्रको रुपमा विकास गर्न डि.पि.आर. गर्ने र डि.पी.आर. तयार भैसकेका स्थानहरुमा पुर्वाधार विकास कार्य अगाडी बढाउन प्रदेश तथा संघीय सरकारसंग सहकार्य गर्ने निति अवलम्बन गरिनेछ ।

१५) गाउँपालिका क्षेत्रभित्र रहेका उर्वर कृषि भुमि मध्ये सिंचाइ अभाव भएको क्षेत्रमा लिफ्टिङ सिंचाइ मार्फत सिंचाइ गरि कृषकहरुको जिवनस्तर उकास्न संघ तथा प्रदेश सरकार संग सहकार्य गरिनेछ ।

१६) यस गाउँपालिका क्षेत्र भित्र रहेका उद्योग व्यवसायहरुलाई व्यवस्थित रुपमा सञ्चालनको लागि उद्योग हव स्थापना गर्न उपयुक्त स्थानको छनौट गरि सम्भाव्यता अध्ययन गरिनेछ ।

१७) गाउँपालिका भित्र रहेका महत्वपूर्ण मठ मन्दिर धार्मिक साँस्कृतिक धरोहरहरुको पुर्वाधार विकास तथा संरक्षणमा विशेष जोड दिइनेछ ।

१८) कला साहित्यको संरक्षण र विकास सम्वन्धि विभिन्न कार्यक्रमहरुमा साझेदारी तथा सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

१९) यस गाउँपालिकामा जन्मेर राष्ट्रिय ख्याती प्राप्त गरेका केवलपुरे किसानको शालिक र पार्क निर्माण निजको जन्मस्थानमा गरिनेछ ।

२०) गाउँपालिकाको उपयुक्त स्थानमा क्रियापुत्री भवन निर्माण गरिने छ । जिल्ला समन्वय समिति धादिङको सञ्चितकोषबाट प्राप्त रकमबाट वडा कार्यालय भवन निर्माण कार्यलाई अघि बढाईने छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

## घ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिहरु

१) वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ यसका लागि एक घर तिन फलफुल विरुवा वितरण गरिने छ ।

२) फोहोरमैला संकलन, पुनःउपयोग, प्रशोधन र विसर्जन गरी सफा सहर निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

३) वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढिकरण गरिनेछ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

४) विपद् व्यवस्थापनका लागि विपद्का क्षेत्रहरुमा जोखिमको अवस्था, जोखिम न्युनिकरणको उपायहरु तथा संस्थागत प्रवर्द्धन गर्न आवधिक जोखिम व्यवस्थापन योजना ।

५) वनस्पति, गैरकाष्ठ वन पैदावर तथा जडिबुटी प्रजातिको अध्ययन, अनुसन्धान, संरक्षण, खेती तथा उत्पादन वृद्धि र प्रशोधनकेन्द्रहरु स्थापना गरी वनमा आधारित उद्यमलाई प्रोत्साहित गरिने छ ।

६) वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरिने छ ।

७) विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनिकरण कार्ययोजना तय गरी लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

८) विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

९) सडक यातायातको सडक दुर्घटना कम गर्न तथा दुर्घटना पश्चात तत्काल उद्धारको कार्य गर्ने व्यवस्था मिलाइने छ विपद उद्धारकर्ताहरुलाई सक्रिय बनाइनेछ। विपदको समयमा उद्धार भत्ता उपलब्ध गराउने नीति लिइनेछ।

१०) भु-शंरक्षण एवं पहिरो नियन्त्रणको लागि वृक्षरोपण कार्यक्रम एवं रोकथामका विधि अबलम्बन गर्ने नीति लिइनेछ।

११) आगलागी नियन्त्रणको लागि संघीय सरकारका वा प्रदेश सरकार संग सहकार्य गरेर आगलागी नियन्त्रणको यन्त्र उपकरण उपलब्ध गराउन पहल गरिनेछ।

१२) विपद बेला प्रयोग गर्ने गरी विपदसँग सम्बन्धित संस्थाहरु जस्तै रेडक्रस लगायत सँग सहकार्य गरी तालिम प्राप्त खोज तथा उद्दार कार्यकर्ता तालिम सन्चालन गर्ने नीतिलाई निरन्तरता दिइने छ।

१३) विद्युतिकरण भई Low Voltage को कारण विद्युत अवरोध हुने स्थानमा तत्काल सर्भे गरि विद्युत क्षमता विस्तार गरिनेछ।

१४) बाझो जमिनमा जडिबुटि गैह्र काष्ठ पैदावार विरुवा रोपण गर्नका लागि निजी र सार्वजनिक संस्थालाई भाडामा दिई वातावरण संरक्षण र रोजगारी सिर्जना गर्ने कार्यलाई अगाडी बढाउन प्रदेश सरकारलाई अनुरोध गरिनेछ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

**ङ) वैकल्पिक उर्जा सम्बन्धी नीतिहरु**

१) आयातित LP ग्याँसको आयातलाई न्यूनिकरण गर्न यस गाउँपालिका क्षेत्र भित्रका १५०० घर धुरीमा सुधारीएको महिला मैत्री चुलो निर्माण गरिनेछ। गोबर ग्यास प्लान्ट निर्माणलाई गाउँपालिकाबाट अनुदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

२) राजमार्ग वरपर बाँकी रहेका स्थानमा सोलार बत्ती जडान कार्यलाई निरन्तरता दिईनेछ। स्वास्थ्य संस्थाहरुमा सोलार बत्ती जडान गरिनेछ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

**च) शिक्षा सम्बन्धी नीतिहरु**

१) यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या र तहगत विद्यालय सञ्चालनका आधारमा दरवन्दी मिलान कार्य गरिनेछ। दरवन्दी मिलान पश्चात नपुग हुन आउने दरवन्दीमा गाउँपालिकाबाट थप शिक्षकको व्यवस्था गरिनेछ।

२) विद्यालयमा सुरक्षित वातावरण कायम राख्न कम्पाउण्ड वाल घेरावार निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

३) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा निजी श्रोतका शिक्षकको पारिश्रमिक गाउँपालिकाले व्यहोर्ने, सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था गरिने, गाउँपालिकाका सामुदायिक विद्यालयको परीक्षा सञ्चालन सम्बन्धी खर्च व्यहोर्ने नीति लिइनेछ ।

४) यस गाउँपालिका भित्रका विद्यालयहरुले विद्यालय वस संचालन भएकोमा यातायात व्यवस्थापनको लागि सहयोग गर्ने निति लिइने छ ।

५) विद्यालयमा दिवा खाजा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । जिल्ला स्तरीय खेलकुद प्रतियोगिता, अनतर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहभागी हुन जादा आउदाको यातायात खर्च गाउँपालिकाले व्यवस्था गर्ने छ ।

६) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीका छोराछोरीहरु सामुदायिक विद्यालयमै भर्ना गरि अध्ययन गराउने नीतिलाई कार्यान्वयन गरिनेछ ।

७) हालसम्म कम्प्यूटरको व्यवस्था हुन नसकेका विद्यालयहरुलाई एक/एक थान कम्प्यूटर र प्रिन्टरको व्यवस्थापन गरिनेछ र विद्यालयले पत्राचार लगायतका कार्य गर्दा गरिने हस्त लिखित कार्यलाई निरुत्साहित गरिनेछ ।

८) विद्यालयमा कार्यरत गाउँपालिकाले व्यवस्थापन गरेका शिक्षक, बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुका लागि पोशाकको व्यवस्था गरिनेछ ।

९) उत्कृष्ट विद्यार्थी प्रतिभा पुरस्कारको व्यवस्था गरिनेछ ।

१०) विद्यालय तथा समुदायमा लागु औषध दुर्व्यसन विरुद्धको अभियान सञ्चालन गरिनेछ ।

११) सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरुको प्रवर्द्धन गरिनेछ ।

१२) बहुकक्षा शिक्षा प्रणालीलाई अबलम्बन गरिने छ जसका लागि विद्यालय शिक्षकहरुलाई तालिमको व्यवस्था गरिने छ ।

१३) शैक्षिक बेरोजगारी अन्त्य गर्दै सीपमुलक प्राविधिक जनशक्ति उत्पादनको नीति लिइनेछ, विद्यालय स्तरबाटै प्राविधिक विषयहरु शुरुवात गरि प्राविधिक जनशक्ति उत्पादन गरिनेछ । प्राविधक शिक्षा संचालनका लागि स्वीकृत प्राप्त विद्यालयसँग सहकार्य र प्रोत्साहन गरिने छ । भुगोल, आवश्यकता र मागको आधारमा प्राविधिक शिक्षाका लागि जोड दिइनेछ ।

१४) थाक्रे गाउँपालिकाका विभिन्न विधाका प्रतिभा हाम्रा गहना हुन्, त्यस्ता प्रतिभाको श्रृजनामा योगदान गर्ने तथा गाउँपालिकाको ख्यातिमा योगदान पुऱ्याउने प्रतिभाको सम्मान गर्ने नीति गाउँपालिकाले अबलम्बन गर्ने छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

## छ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीतिहरु

१) सुचना प्रविधिको उपयोग गरी गाउँपालिकाको बजेट तर्जुमा खर्चको लेखाङ्कन अभिलेख र प्रतिवेदन प्रणालिमा एकरुपता ल्याइ वित्तय अनुसासन कायम गरिने छ ।

२) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ साथै उच्च कार्य सम्पादन सहित उत्कृष्ट सेवा प्रवाह गर्ने ३ जना राष्ट्रसेवक कर्मचारीलाई नगद पुरस्कार सहित सम्मान गरिने छ ।

३) थाक्रे गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई चुस्त र पारदर्शि वनाइने छ, सेवा प्रवाहमा विद्युतिय प्रविधिको प्रयोग गरिनेछ कार्यलयको गतिविधिहरु वेव साईट, फेसबुक पेज मार्फत सार्वजनिक गरिनेछ । मोबाईल एप्स मार्फत सम्पूर्ण योजना र गतिविधिहरु जानकारी हुने व्यवस्था मिलाउन शुरुवात गरिएकोमा आगामि आ.व. देखी यसलाई थप प्रभावकारी बनाईने छ ।

४) गाउँपालिका र वडा कार्यालयहरुमा विद्युतिय हाजिरी प्रणालीको व्यवस्था मिलाइने छ, साथै वडा कार्यालय र गाउँपालिका बिच विधुतीय सम्बन्ध प्रणाली विकास गरिने छ ।

५) वेरुजु नहुने गरी आर्थिक प्रशासन संचालन गर्ने नीति लिइने छ । आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाइनुको साथै आन्तरीक लेखा परिक्षण बाट यथार्थ विवरण प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

६) गाउँपालिका गठन पश्चात स्वीकृत दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन भई नसकेकोले पदपुर्ति भइनसके सम्म अति आवश्यक पदमा करार वा ज्यलादारीमा पदपुर्ति व्यवस्था गरिनेछ ।

७) पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारसंग सम्बद्ध निकायहरुसंग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ । गाँउपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकासका लागि क्षमता विकासयोजना तर्जूमा गरिनेछ ।

८) गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन प्रचलित कानून बमोजिम विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९) पारदर्शिता एवं सुशासनका लागि गाँउपालिकाको आम्दानी एवं खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०) सुशासन र सेवा प्रवाहलाई चुस्त, प्रभाावकारी बनाउन ऐन, नियम, कार्यविधी, निर्देशिकालाई पूर्ण रुपमा पालना गरिनेछ । सेवा प्रवाहमा संलग्न कर्मचारीहरुको मनोवल बढाउन आवश्यकता अनुसार प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।

११) यस गाउँपालिकाको सुशासन र सेवा प्रवाहका सम्बन्धमा जिज्ञासा गुनासो सुनुवाइ गर्नको लागि सञ्चार माध्यम मार्फत **जनतासँग अध्यक्ष** लाईभ कार्यक्रम सञ्चालन गरिनेछ । जनताहरु र जनप्रतिनिधिहरु विच सहज रुपमा समन्वय र सहकार्य गर्ने वातावरण मिलाउन **जनतासंग जनप्रतिनिधि** कार्यक्रम वडा टोल र वस्तीहरुमा संचालन गरिनेछ ।

१२) गाउँपालिकाबाट प्रदान हुने सेवा, सुविधा, गुनासो लगायत विभिन्न अपराधिक घटनाहरुको वारेमा उजुरी, जिज्ञासा र सुझावहरु गाउँपालिका सम्म पुर्याउन नागरिकहरुलाई सहज बनाउन संचालन गरिएको निशुल्क टोल फ्रि नं. संचालनलाई निरन्तरता दिईनेछ ।

१३) नैतिकवान, कर्तव्यनिष्ठ, सहयोगी नागरिक बनाउनको लागि हाल सञ्चालनमा रहेको स्काउट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४) यस गाउँपालिका नगरपालिका हुनको लागि आवश्यक पुर्वाधार जनसंख्या लगाएतका मापदण्डहरु पुरा भएको हुदा नगरपालिका गठनहुनको लागि सम्बन्धित निकायमा प्रस्ताव गरिने छ ।

१५) न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकास, ईजलास स्थापना, फर्निचर व्यवस्थापन लगायत अत्यावश्यक पुर्वाधार तयारगरी समितिलाई प्रभावकारी रुपमा कार्य संचालन गर्ने व्यवस्था मिलाईने छ ।

१६) गाउँपालिका भित्र संचालन हुने योजनाहरु मध्ये रु. २०,००,०००।- (अक्षेरुपी बीस लाख रुपैया मात्र) भन्दा कम रकम बिनियोजन भएका योजना हरुको भुक्तानी दिँदा प्राविधिक प्रतिवेदन र अनुगमन समितिको प्रतिवेदनको आधारमा भुक्तानी दिने र रु. २०,००,०००।- (अक्षेरुपी बिस लाख रुपैया मात्र) भन्दा बढि रकम बिनियोजन भएका योजना हरुको भुक्तानी दिँदा प्राविधिक प्रतिवेदन र अनुगमन समितिको प्रतिवेदनको आधार मानि कार्यपालिका बैठकमा पेश गरी कार्यपालिका बैठकको निर्णय अनुसार भुक्तानी दिने निति लिइने छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

प्रस्तुत नीति कार्यान्वयनवाट थाक्रे गाउँपालिकाको सम्वृद्धि विकासमा उल्लेखिय योगदान पुग्ने अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनुहुने सम्पुर्ण राजनितिक पाटिका नेता गण वडा समितिहरु, कार्यपालिकाका सदस्यहरु, विषयगत समितिहरु बुद्धिजीवीहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत  सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु सबैलाई धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीतिको सफल कार्यान्वयनको लागि समेत सबैको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

**प्रस्तुत कर्ता**
**रामकुमार आचार्य**
**अध्यक्ष**
**थाक्रे गाउँपालिका**